अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)

# विदेह नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ | संख्या : ५ | मिति : २०७८/१०/१०

## आदीवासी जनजाती सूचीकरण कार्यविधि २०७८

**प्रस्तावना :** नेपालको संविधान २०७२ ले सामन्ती, निरकुंश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, निष्पक्षता सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा, लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित सामाजवाद प्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो, विकास, सुशासन, विकाश र समृद्धिको आकांक्षा पुरा गर्ने प्रतिबद्धता गरेकोले, संविधानको मौलिक हकले आदिवासी जनजाति तथा अल्पसख्याक सीमान्तकृतको संरक्षण, सशक्तीकरण वा बिकासका लागि कानुन बमोजिम बिशेष व्यवस्था गर्ने र प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण, जन्मदर्ता र सर्वाङ्गिण विकासको हक सुनिश्चित गरेकोले, संविधानको निर्देशक सिद्धान्नतले नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन गर्ने र आदिवासी जनजातीको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने हक अधिकार सुनिश्चित गरेको, स्थानीय तहको जातजाती तथा आदिवासी जनजातीका तथ्याङ्को अभिलेख तयार गर्ने र व्यवस्थापन गर्ने अधिकार संविधानको अनुसूची ८ र ९ मा निर्दिष्ट गरेकोले, नेपालपक्ष रहेको आदिवासी तथा जनजाती सम्बन्धी महासन्धि नं. १६९ (१९८९) कार्यान्वयनका लागि राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस (प.सं.२०७५।०७६, च.नं. TMD १७४२, मिति २०७५।१२।०४) कार्यान्वयनका



CamScanner

लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा ) को प.सं. १४५ तथा मिति २०७६।०१।०४ द्वारा स्थानीय तहलाई कार्यान्वयन गर्न गरिएको परिपत्र कार्यान्वयन गर्न आवश्यक भएकोले, यो आदिवासी जनजाती सूचीकरण कार्यविधी, २०७८ कार्यान्वयनका लागि निर्माण गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधीको नाम आदिवासी जनजाती कार्यविधी, २०७८ रहेको छ ।

(२) यो कार्यविधि तत्काल प्रारम्भ हुने छ ।

२. **परिभाषा :** बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "आदिवासी जनजाती" भन्नाले आफ्नो मातृभाषा, परम्परागत रीतिरिवाज, छुट्टै सांसकृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका वा नेपाल पक्ष राष्ट्रिय रहेको अन्तराष्ट्रिय श्रम संगठनको आदिवासी जनजाति सम्बन्धी महासंन्धि नं. १६९ (१९८९) को धारा १ को अधिकार अनुरुप भिन्न आदिवासी जनजातीका पहिचान चाहने जाति वा समुदायलाई सम्झनु पर्दछ ।

(२) "आदिवासी जनजाती कार्यसमुह" भन्नाले नगरपालिका भित्रका आदिवासी जनजातीको सूची निधारण गर्नकालागि नगरपालिकाले नियुक्त गरेको ३ सदस्य व्यक्तिहरुको कार्यसमूह सम्झनु पर्दछ । अब उप्रान्त यसलाई कार्यसमूह भनिनेछ ।

(३) "संयोजक" भन्नाले आदिवासी जनजाती कार्यसमूहको संयोजकलाई सम्झनु पर्दछ ।

(४) "सदस्य" भन्नाले आदिवासी जनजाती कार्यसमुहको सदस्यलाई सम्झनु पर्दछ ।

(५) "पालिका" भन्नाले विदेह नगरपालिका सम्झनु पर्दछ ।

(६) "नगर सभा" भन्नाले संविधानको धारा २२२ अनुरुप गठित विदेह नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्देश्य

३. **कार्यविधिको उद्देश्य :** (१) दफा २ (१) का मापदण्डहरु पुगेका विदेह नगरपालिकामा आदिवासी जनजातीका सूची निधारिण गरी यिनीहरुलाई संविधान प्रदत मानवअधिकार, समावेशी समानुपातिकरणमा उपभोग गर्ने व्यवस्था गर्नु गराउनु यस कार्यविधीको उद्देश्य रहेको छ ।



CamScanner

## परिच्छेद ३
## कार्यसमूहको गठन, नियुक्ति तथा सेवा सुविधा

४. **आदिवासी जनजाती कार्यसमूहको गठन :** यस कार्य समूहको गठन देहाय बमोजिम हुनेछ ।

(१) नगरपालिकाको उप-प्रमुख कार्यसमूहको संयोजक रहने छ ।

(२) भाषा, संस्कृती, इतिहास सम्बन्धी ज्ञाता मध्येका स्थानीय ज्ञाता १ जना ।

(३) समाज वा मानवविकास वा मानवशास्त्र सम्बन्धी ज्ञाता मध्ये १ जना ।

५. **कार्यसमूह सदस्यहरुको नियुक्ति :**

(१) नगरपालिकाको उप-प्रमुख कार्यसमूहको पदेन संयोजक हुनेछ ।

(२) कार्यसमूहको सदस्यहरुको नियुक्ति नगरपालिकाको प्रमुखले गर्नेछ ।

६. **कार्यसमूहको सेवा सुविधा :** (१) कार्यसमूहको संयोजक नगरपालिकाको उपप्रमुख रहने भएकोले बैठक बसेका समयमा पालिकाले तोकिए बमोजिम बैठक भत्ता प्राप्त गर्न सक्ने छ ।

(२) कार्यसमूहका सदस्यहरुको सेवा सुविधा न्युनतम रुपमा प्रमुख प्रशासकीय अधिकृत तहको सुनिश्चित गरिने छ ।

(३) कार्यसमूहको कार्यसम्पादन गर्न गराउने आवश्यक बजेटको व्यवस्था पालिकाले गर्नेछ ।

## परिच्छेद ४
## कार्यक्षेत्र तथा अधिकार

७. **कार्यसमूहको कार्य क्षेत्र तथा अधिकार:** कार्यसमूहको कार्यक्षेत्र र अधिकार देहाय बमोजिम रहनेछन ।

(१) कार्यविधिको परिभाषामा निर्धारित मापदण्डहरुका आधारमा आदिवासी जनजातीको सूचीसहित प्रतिवेदन निर्माण गरी विदेह नगरपालिकमा सूचीकरणका लागि सिफारिस गर्ने ।

(२) कार्यसमूहको कार्ययोजना समयावधिभित्र सम्पन्न हुने गरी कार्यान्वयन गर्न एक कार्यपात्रो (Working Calender) कार्यसमूहले स्वंय निर्धारण गर्न सक्ने छ ।

(३) कार्यसमूहको अवधि पालिकाले निर्धारण गरे अनुसार हुनेछ । न्युनतम समय अवधी एकमहिना र अधिकतम ६ महिनाको समयावधिलाई आधार बनाइने छ ।

(४) विदेह नगरपालिकाका मापदण्ड पुगेका जातजाती वा समुदायहरुबाट निश्चित ढाँचामा सूचीकरणका लागि आवश्यक सुचना (जातीगत विवरण) सहित आवेदनको माग गर्न सक्ने छ ।



CamScanner

(५) सूचीकरण प्रक्रियाको सूचना प्रभावकारी रुपमा प्रवाहका लागि स्थानीय आमसञ्चारका साधन, सञ्चारकर्मीको प्रयोग वा सार्वजनिक स्थानमा सूचना टाँस गर्न सक्ने छ।

(६) कार्यसमूहको कार्य प्रभावकारीरुपमा गर्नका लागि नगरपालिकाले तोकिएको सिमाभित्र रही आवश्यक बजेटको निर्माण गरी विदेह नगरपालिका संग माग गर्न सक्ने छ।

(७) कार्यसमूहको कार्य प्रभावकारीरुपमा गर्न नगरपालिकाले उपयुक्त स्थानको व्यवस्था गर्नेछ।

८. **कार्यसमूहको प्रतिवेदनको अनुमोदन :** (१) कार्यसमूहको प्रतिवेदनमा आदिवासी जनजातीका रुपमा सूचीकृत गर्न सिफारिस गरिएका सूचीसहितका प्रतिवेदनलाई विदेह नगरपालिकाका कार्यपालिकाबाट अनुमोदन गराउर्नु पर्नेछ।

(२) नगरपालिकाबाट पारित भएपछि प्रतिवेदनमा सूचीकृत गरिएका आदिवासी जनजातीका सूची राजपत्रमा प्रकाशित गर्नुपर्नेछ। तत्पश्चात स्वतः कार्यान्वयन हुनेछ।

---

**आज्ञाले**
**संजीव कुमार साह**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner